# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

फोन.नं.- ०९१-५२०७३३
वेबसाइट:-www.dhangadhimun.gov.np


अत्यन्त जरुरी

प.सं. २०७५/०७६
च.नं. 3856

मितिः २०७६/०१/१०

श्री सबै शाखा प्रमुखहरु
धनगढी उप-महानगरपालिकाको कार्यालय धनगढी, कैलाली ।
श्री सबै वडा कार्यालय प्रमुखहरु (वर्डा नं. १ - १९)
धनगढी उप-महानगरपालिकाको कार्यालय अन्तर्गत

**बिषय :** आगामी आ.व. ०७६/०७७ को बजेट तर्जुमा संबन्धमा जानकारी प्रेषित गरिएको संवन्धमा ।

यस पूर्व उल्लिखित बिषयमा कार्यान्वियन गर्न गराउन पत्राचार भएको सन्दर्भमा पुनःस्मरण गराउदै पत्राचार गरिएको छ। सो सन्दर्भमा निम्नानुसार गर्न/गराउन निर्देशन गरिएको व्यहोरा जानकारी गराइएको छ ।

तपशिल:

१) आ.व. ०७६/०७७ को बजेट तर्जुमाका संबन्धमा हाललाई साविक ०७५/०७६ को लागी तत समयमा प्रेषित बजेट सिलिङलाई नै आगामी आ.व. ०७६/०७७ को लागि बजेट सीमा सिलिङ मान्ने (यसमा पछि संसोधन पनि हुन सक्छ) ।

२) सबै वडा कार्यालयहरुले प्राप्त गरेको सिलिङका आधारमा २०७६/०१/३१ सम्म सबै वडाका वडा अध्यक्ष एवं वडा समितिका पदाधिकारीहरुले आ-आफ्नो वडा तहको बस्ती तहमा पुगी बस्ती बाट योजना/कार्यक्रमहरुको छनौट गरी प्रत्येक वडा कार्यालयहरुले २०७६ बैशाख मसान्त सम्म आ-आफ्नो वडा कार्यालयमा योजना/कार्यक्रमहरुको विवरण संकलन गर्ने ।

३) सबै वडा कार्यालयहरुले २०७६/०२/०१ देखि ऐ.ऐ. १४ गते सम्म संकलित संबन्धित वडा बस्तीको योजना/कार्यक्रमहरुको विवरणबाट प्राथमिकताको आधारमा छनौट गरी वडा समितिबाट निर्णय गराई २०७६/०२/१५ को कार्यालय समय (बिहान १० देखी बेलुका ५ बजे) भित्र धनगढी उप-महानगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा सिफारिस सहित पेश गर्ने । यसमा ध.उ.म.न.पा. ले उपलब्ध गराएको बजेट सिलिङको आधारमा योजना/कायकमहरुको सिफारिस ध.उ.म.न.पा. को कार्यालयमा पठाउने र प्रदेश र संघ सरकारलाई सिफारिस गरी पठाउने योजना/कार्यक्रमहरु भएमा छुट्टै आयोजना कार्यक्रमहरुको विवरण तयार गरि सिफारीस गरि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत


ई-मेल :- info@dhangadhimun.gov.np, dhangadhimun2013@gmail.com



Scanned by CamScanner

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
फोन.नं.- ०९१-५२०७३३
वेबसाइट:-www.dhangadhimun.gov.np

अत्यन्त जरुरी

४) ध.उ.म.न.पा. कार्यालय भित्रका सबै शाखा/महाशाखा प्रमुखहरुले २०७६/०१/३१ भित्र आ-आफ्नो शाखाको ०७६/०७७ को बजेट कार्यक्रम प्राप्त सिलिङ अनुसार शसर्त र निशर्त भनि खुलाई कार्यालयमा पेश गर्ने ।

**वडा अन्तर्गत बस्ती स्तरका योजना कार्यक्रमहरु छनौट गर्न द्विविधाभएमा प्रत्येक वडा कार्यालयहरुले तपशिल बमोजिम गर्ने:**

(क) सबै वडा कार्यालयको बस्ती बाट योजना/कार्यक्रम छनौट गर्न आवश्यक परामर्श/सल्लाह आवश्यक परेमा ध.उ.म.न.पा. कार्यालयका निम्न शाखा/महाशाखा प्रमुखहरु संग सिधै संपर्क राख्नहुन

१) शिक्षा शाखा प्रमुख - श्री बिष्णु कोइराला / अधिकृत आठौ तह श्री विर वहादुर नेपाली
२) स्वास्थ्य शाखा प्रमुख -डा.श्री खगेन्द्र बम
३) प्रशासन/सामाजिक /कृषि/पशु सेवा विकाश शाखा प्रमुख - श्री जनक सिंह उखेडा
४) पूर्वाधार शाखा प्रमुख - श्री डिजराज भट्ट / प्राविधिक सहायक श्री निर्मल देउवा
५) सहकारी शाखा प्रमुख- श्री हरि सिंह साउद/ क.अ. श्री चन्द्रभान ओली
६) राजस्व शाखा प्रमुख - श्री लेखनाथ ओझा
७) खरिद व्यवस्थापन शाखा/इकाई प्रमुख- अधिकृत छैटौ श्री सुरेन्द्र ब. कार्की
८) सामुदायिक विकाश शाखा प्रमुख- (सहायक पाँचौ तह) श्री टंक बिष्ट
९) पशु सेवा शाखा- भोज राज भट्ट
१०) महिला बिकास शाखा - ललिता पाण्डे
११) कृषि शाखा - प्रा.स सुवासना चौधरी

**पुनश्च:** अष्पष्ट भएमा सीधै प्रमुख प्रशासकीय अधिकृत ज्यू को फोन.नं.९८५८४३३१११ मा सम्पर्क गर्न सकिने छ ।

<u>बोधार्थ:-</u>
श्री नगर प्रमुख ज्यू को सचिवालय
धनगढी उप-महानगरपालिको कार्यालय ।
श्री नगर-उप प्रमुख ज्यू को सचिवालय
धनगढी उप-महानगरपालिको कार्यालय ।

..............................
**नारायण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

ई-मेल :- info@dhangadhimun.gov.np, dhangadhimun2013@gmail.com

Scanned by CamScanner